अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७५।१२।१४ गते

# प्रेस विज्ञप्ति

## विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---

राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, बर्दघाट, नबलपरासी (बर्दघाट-सुस्ता पश्चिम)मा कार्यरत कनिष्ट सहायक अन्चल सुनारले सेवाग्राहीको स्वीकृत भइसकेको ऋण रकम निकाल्न नमिल्ने गरी रोक्का राखी सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिई गएको टोलीले निज सुनारलाई सेवाग्राहीसँग रु.१०,०००।- (दस हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा निजकै डेरा निवासबाट नियन्त्रणमा लिई अनुसन्धान कार्य भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता